# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, कमलपोखरी

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं ७८३/२०७९-०८०**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०७९/०९/१४)**

आ.व.०७९/०८० मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित मेशिनरी सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको साथै आ.व.०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयम् घोषणा पत्रहरु अनिवार्य रुपमा संलग्न राखी देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम देहाय बमोजिम जम्मा गर्नुपर्ने छ ।

- कार्यालय कोड : २१-०००-३५०१
- खातावालाको नाम : कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, बबरमहल, काठमाण्डौ ।
- जम्मा गर्नुपर्ने बैंकको नाम : नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौ ।
- धरौटी खाता नं : १२०-१२००-००१-००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि ९० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानत पत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिहरु समेतको रोहवरमा दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

५. दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उल्लेखित कार्यहरु क्रमशः कार्यालय खुलेको दिन हुनेछ ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ ।

७. प्रत्येक ठेक्का नं. को फरक फरक दरभाउपत्र पुस्तिका (Tendar Document) खरिद गरी पेश गर्नुपर्नेछ ।

८. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा आयोगको जिन्सी शाखामा सम्पर्क गर्न सकिने छ ।
यस सम्बन्धी सूचना आयोगको वेवसाइट www.psc.gov.np मा समेत हेर्न सकिने छ ।

**तपसिल**

| क.सं | ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १०/२०७९/०८० | Branded Desktop Computer | २५,००० | १,००० | २०७९-०९-२८ (कार्यालय समयभित्र) | २०७९-०९-२९ (दिनको १२ बजे भित्र) | |
| २. | ११/२०७९/०८० | Photocopy Machine | ३५,००० | १,००० | २०७९-०९-२८ (कार्यालय समयभित्र) | २०७९-०९-२९ (दिनको १२ बजे भित्र) | |
| ३. | १२/२०७९/०८० | Ordinary Photocopy Machine | १२,५०० | १,००० | २०७९-०९-२८ (कार्यालय समयभित्र) | २०७९-०९-२९ (दिनको १२ बजे भित्र) | |

www.psc.gov.np